# <u>आयोजनाको विवरण भर्दा ध्यान दिनु पर्ने कुराहरु</u>

१. प्रत्येक स्थानीय तहले Cell B1 and B2मा आफ्नो स्थानीय तहको नाम र जिल्लाको विवरण भर्नु पर्नेछ ।

२. Cell D2 and D3मा दक्ष तथा अदक्ष कामदारको ज्याला दर उल्लेख गर्नु पर्नेछ (ज्यालाको निर्धारण कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन)कार्यविधि, २०७६को दफा ११ बमोजिम हुनेछ) ।

३. Cell I2मा सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णयानुसार सवै भन्दा अधिक सूचिकृत वेरोजगार व्यक्तिको संख्या भएको वडाको सूचिकृत बेरोजगार व्यक्तिको संख्या उल्लेख गर्नु पर्नेछ ।

४ Cell I3मा स्थानीय तहको कार्यपालिकाले निर्णय गरी सूचिकृत गरेका कूल बेरोजगार व्यक्तिको संख्या उल्लेख उल्लेख गर्ने ।

५. माथि उल्लिखित विवरण भरे पश्चात सम्बन्धित वडामा रहेका सूचिकृत वेरोजगार व्यक्तिको संख्या (पहेँलो रंग भएको Cell) अनिवार्यरुपमा भर्नु पर्नेछ । उदाहरणको लागि यदि वडा नंबर १ मा ५३ जना सूचिकृत बेरोजगार भएको भए cell B20 मा ५३ उल्लेख गर्नुपर्नेछ ।

६. Column C, X र AD मा रहेको खैरो रंग भएको स्थानहरुमाDropdown Menu रहेकोले सोको विवरण drop down गरी छनौट गर्नु पर्नेछ । उक्त Columnमा विवरण उल्लेख गर्दा सो column को header कमेन्टमा रहेको विवरण अनुसार गर्नु पर्नेछ ।

७. सवै वडाहरुको योजनाको विवरण भर्नु पर्नेछ । कुनै स्थानीय तहमा वडाको संख्या वा आयोजनाको संख्या दिइएको format भन्दा बढि भएमा थप विवरणहरु भर्नका लागि info@pmep.gov.npमा इमेल गरी अनुरोध गर्नु पर्नेछ ।

८. वडा अनुसारको विवरण भर्दा format अनुसारको आयोजनाको संख्या नभएमा या आयोजनाको विवरण राखे पछि पनि दिइएको format को row खाली भएमा सो स्थानलाई खाली नै छाडिदिनु पर्नेछ ।

9. Formula भएको स्थानहरुलाइ protect गरिएको हुदा टाइप गर्न सकिनेछैन । यसर्थ सो स्थान तथा Reference Worksheet लाई समेत नचलाउन अनुरोध छ ।

10. विवरणहरु युनिकोड नेपालीमा प्रविष्टि गर्नु पर्नेछ । यदि सो नभएमा अंग्रेजीमै प्रविष्टि गर्न सकिनेछ ।